# स्वास्थ्य तथा सरसफाई नीति २०७८

## ठाटीकाँध गाँउपालिका

कर्णाली प्रदेश

दैलेख

ठाटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल



Scanned with CamScanner

## १. पृष्ठभूमि:

नेपालको संविधानले नागरिकको मौलिक हकको रुपमा निशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्योपचारका सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ मा लिपिवद्ध स्वास्थ्य सम्वन्धी स्थानीय तहका काम, कर्तव्य र अधिकार, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्वास्थ्यसंग सम्वन्धीत नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, नेपालले गरेको अन्तराष्ट्रिय प्रतिवद्धताहरु, एवं गाउँपालिका भित्रका स्वास्थ्य क्षेत्रका समस्या र चुनौतीहरू, आवश्यकता र प्राथमिकताहरू, उपलब्ध स्रोतसाधन र अवस्थालाई समेत आधार बनाई गाउँपालिकाको स्वास्थ्य प्रणाली विकास, विस्तार र सुधार गर्न ठाटीकाँध गाउँपालिकाले स्वास्थ्य तथा सरसफाइ नीति तर्जुमा गरी जारी गरेको छ ।

## २. नीतिगत सन्दर्भ

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भए पश्चात् आधारभूत स्वास्थ्य सेवा तथा सरसफाई लगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न काम, कर्तव्य तथा अधिकार स्थानीय तहलाई रहेको छ । उपलब्ध सिमित स्रोतसाधनको आधारमा स्थानीय तहले नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने अवस्था रहेको छ । राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले संघीय संरचना अनुसार स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई एकीकृत रूपमा विकास गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रवीच सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने लगायतका उद्देश्य र नीति लिएको छ । नेपालको संविधान, कानुन र नीति अनुरूप स्वास्थ्य प्रणालीको विकास र विस्तारका लागि तीन तहका सरकारवाट प्रयास भइरहेको छ तर गर्नुपर्ने धेरै कामहरू वाँकी छन् । नेपालको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू भएका छन् तर सँगसँगै नवीनतम स्वास्थ्य चुनौतीहरू पनि विद्यमान छन् । ती उपलब्धिलाई जोगाउँदै जनस्वास्थ्यका नवीनतम चुनौतीको सामना गर्नु सवै तहका सरकारहरूको दायित्व हो । स्थानीय सरकार गठन भए पश्चात् स्थानीय तहले नागरिकलाई सहज र सर्वसुलभ रूपमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन नियमित स्वास्थ्य कार्यक्रमका साथै नवीनतम प्रयास समेत गर्दै आइरहेको छ । वडा स्तरसम्म स्वास्थ्य संरचनाको विस्तार तथा गुणस्तरीय सेवाप्रवाहका लागि सघं तथा प्रदेशसँग सहकार्य भइरहेको छ । यस गाउँपालिकाले १ प्राथमिक स्वास्थ्य केन्द्र, २ स्वास्थ्य चौकी, ३ आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ सामुदायीक स्वास्थ्य इकाई, १३ गाउँघर क्लिनिक, १५ खोप क्लिनिक र ५१ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरूद्वारा नियमित स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ । विशेष गरी सेवावाट वञ्चितीकरणमा परेका दुर्गम क्षेत्रका, गरिव, लक्षित उमेरसमूहका, शारीरिक तथा मानसिक रूपमा अशक्त नागरिकहरूमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिँदै आएको छ ताथापी सेवाको पहुँचमा असमानता विद्यमान छ ।

गाउँपालिकामा वसोबास गर्ने नागरिकहरको आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरूलाई प्रवर्द्धन गर्दै आगामी दिनहरूमा तथ्यमा आधारित योजना निर्माणका गर्न आवश्यक वैधानिक पृष्ठभूमि प्रदान गर्ने उदेश्यका साथ गाउँपालिकाले स्वास्थ्यको वस्तुस्थिति झल्कने गरी स्वास्थ्य प्रोफाइल तथा स्वास्थ्य कार्यक्रमको बार्षिक प्रतिवेदन समेत तयार गरेको छ ।

ठाटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल २

Scanned with CamScanner

## २. विद्यमान स्थिति:

### २.१. विगतमा गरिएका प्रयासहरु:

वि.सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वाथ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी र प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनीति लिए अनुरुप स्वास्थ्यको संरचना विस्तार भएको हो भने साविकका गा.वि.सहरु विशाला, तोलिजैसी र लकान्द्रमा  पनि १ प्राथमिक स्वास्थ्य केन्द्र, २ स्वास्थ्य चौकीहरु स्थापना भएको थियो । ठाटीकाँध गाँउपालिका स्थापना भए पश्चात सबै स्वास्थ्य संस्थाहरु यसै गाँउपालिका अन्तर्गत सञ्चालन हुँदै आएका छन् ।

नेपालको संविधान २०७२ ले नि:शुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम नि:शुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच वढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न गाँउपालिका अर्न्तगत स्वास्थ्य शाखाको स्थापना गरिएको छ भने गाँउपालिका मातहतका स्वास्थ्य चौकीहरु गाँउपालिकालाई हस्तान्तरण भएका छन् ।

साथै नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघिय संरचना अन्तर्गत हरेक वडामा स्वास्थ्य संस्थाको स्थापना गर्ने राष्ट्रिय स्वास्थ्य निति २०७१ र २०७६ को लक्ष अनुसार यस गाँउपालिकाका सबै वडामा आधारभूत स्वास्थ्य इकाई स्थापना गरि हरेक वडामा स्वास्थ्य संस्था विस्तार भएको छ । हाल यस गाँउपालिका वडा नं. १ मा १५ शैयाको अस्पताल निर्माण कार्य सुचारु भएको र १ वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र, २ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ सामुदायिक स्वास्थ्य इकाई गरि कुल ७ वटा स्वास्थ्य संस्था संचालित छन् ।

### २.२. विद्यमान स्थिती:

वि.सं. २०६८ को जनगणना अनुसार यस गाँउपालिकाको जनसंख्या १८,८९६ रहेको छ । पुरुषको जनसंख्या ९३८९ (४९.७%) छ भने महिलाको जनसंख्या ९५०७ (५०.३%) रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) को आ.व. २०७८/०७९ को लागि गरिएको प्रक्षेपण अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २०५९५ पुगेको अनुमान गरिएको छ, जसमध्ये १ वर्ष मुनिका वालबालिकाको संख्या ५३२, ५ वर्ष मुनिका वालबालिकाको संख्या २६७६ रहेको छ । त्यस्तै १० वर्ष देखि १९ वर्ष सम्मका किशोरकिशोरीको संख्या ४९९१, १५ देखि ४९ वर्षका प्रजनन् उमेरका विवाहित महिलाहरूको संख्या ४४१८ रहेको छ । गाउँपालिकामा अनुमानित गर्भवती महिलाहरूको संख्या ६९० र अनुमानित जीवित जन्मने वच्चाहरूको संख्या ५४६ रहेको छ । यो प्रक्षेपण अनुसार ६० वर्ष माथिका व्यक्तिहरूको संख्या १४७० रहेको छ । हाल यस गाँउपालिकामा १ वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र, २ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ सामुदायिक स्वास्थ्य इकाई गरि कुल ७ वटा स्वास्थ्य संस्थास्वास्थ्य संस्था संचालित छन् ।

यस गाँउपालिकामा वालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा

ठाटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
नेपाल

धीर बहादुर शाही
अध्यक्ष

Scanned with CamScanner

मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु हुने गरेका छन् । विगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा वृद्धि भए पनि दक्ष प्रसुतीकर्मीको अभाव, पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदिको कारणहरुले गर्दा सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा उल्लेख्य वृद्धि हुन सकेको छैन ।

ठाटीकाँध गाउँपालिकाको केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याकं | प्रादेशिक तथ्याकं | ठाटीकाँध गाँउपालिकाको तथ्याङ्क | | | दिगो विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनि वेला) | ६९.२० | ९१ | १०९.९ | ११८.१ | १४२.९ | ९० | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५५.४ | ७५.९ | ६३.७ | ६८.३ | ८३.० | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | २५ | ३९.९ | ८७.२ | ९६.२ | १०३.९ | ९० | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | ४८ | ११.४ | ११.७ | १६.४ | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ६४ | ८७.१ | १०३.४ | ९८.० | १२६.३ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका वच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ७१.६ | ५२ | ११६.४ | १०० | |
| ७ | २ वर्ष मुनिका कुपोषित वालवालिकाहरुको संख्या | ३६ | ५५ | ३.१ | ११.४ | ७.७ | १ | |
| ८ | वहिरंग सेवा लिनेको प्रतिशत (नयाँ) | | | ७२.५ | ७१.३ | ५२.६ | | |
| ९ | नयाँ क्षयरोगी विरामी पत्ता लागेको दर (सबै प्रकारको क्षयरोग) प्रति १०००० | | | १०१.२ | ४७.५ | ७९.७ | | |

उल्लेखित सूचकहरूमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक वाटोमा अग्रसर भइरहेको देखिएता पनि वर्तमान अवस्था र आवश्यकताका आधारमा गुणस्तरीय स्वास्थ्य सेवाका लागि गर्नुपर्ने धेरै छ ।

ठाटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द, दैलेख
कर्णाली प्रदेश, नेपाल

३. समस्या, चुनौती र अवसरः

३.१. समस्याहरुः

- नेपालको संविधानले प्रत्याभूत गरे अनुरूप गाउँपालिकाभित्र स्वास्थ्य सेवामा समतामूलक, सर्वसुलभ पहुँच समान किसिमले पुग्न सकेको छैन ।
- स्वास्थ्य संस्थाहरूमा अपर्याप्त भौतिक पूर्वाधार र जनशक्ति, औषधी र उपकरणको अभाव, नसर्ने रोगहरूको बढ्दो भार, कुपोषण, दुर्घटना तथा विपद्जन्य स्वास्थ्य अवस्था, अस्वस्थकर जीवनशैलीका कारण उत्पन्न जनस्वास्थ्यका नयाँ जटिलताहरू बढ्दै जानेलगायतका समस्या विद्यमान छन् ।
- समयानुकूल गाउँपालिकामा स्वास्थ्य संस्थाहरूमा दरवन्दीअनुसारका स्वास्थ्यकर्मीहरू पदपूर्ति हुन सकेका छैनन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरूका लागि समुचित र उत्साहप्रद रूपमा काम गर्ने वातावरण सिर्जना हुन सकेको छैन ।
- भौगोलिक विकटता, औषधी भण्डारण व्यवस्था (स्थान, कोल्डचेन आदि) को अभावजस्ता कारणले गुणस्तरीय औषधीको आपूर्ति, वितरण र उपलब्धता सहज र पहुँचयोग्य हुन सकेको छैन ।
- गाउँपालिकामा नसर्ने खालका रोगहरू जस्तै; क्यान्सर, मुटु, मिर्गौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरू बढ्दै गएको अवस्था छ ।
- गाउँपालिकाभित्र रहेका पिछडिएका, गरिव, असहाय, अति दुर्गम भेगका नागरिकहरूका लागि स्वास्थ्योपचार महँगो पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महँगो भई परिवार नै गम्भीर आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकी घरैमा मृत्युवरण गर्नुपरेको अवस्था पनि विद्यमान छ ।
- गाउँपालिकाका नागरिकहरूमा गरिबी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ ।
- भौगोलिक विकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जानसमेत कठिनाइ भएका कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्यजस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन । अझै पनि यस गाउँपालिकाका अधिकांश महिलाहरू घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ । यसैगरी गाउँपालिकामा मातृ तथा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्यु भईरहेको छ ।
- गाउँपालिकाका जडीबुटी एवम् आयुर्वेदिक उपचार पद्धतिको उपयुक्त व्यवस्थापन र सदुपयोग पनि हुन सकेको छैन ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्योपचार, किशोरकिशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग, नागरिकले पाएका स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनका सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरू (पारदर्शिता, सामाजिक परिचालन, नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ र नागरिकका गुनासाहरू सुन्ने तौरतरिका) को उचित व्यवस्थापन र समुचित प्रयोग हुन नसकेको अवस्थाले गर्दा आर्थिक अनियमितता, बेरुजु र जनतामा सार्वजनिक स्वास्थ्य सेवाप्रतिको असन्तुष्टि अझै कायम छ ।

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

Scanned with CamScanner

### ३.२. चुनौती:

- विशिष्ट भौगोलिक अवस्था र स्रोतसाधनको सीमितताका कारण आधारभूत स्वास्थ्यसम्बन्धी अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको विस्तार र विकास गरी पहुँच वृद्धि गर्न तथा मातृ र बालमृत्युदर घटाउने कार्य गाउँपालिका परिवेशमा चुनौतीपूर्ण रहेको छ ।
- कतिपय ठाउँमा परम्परागत धामी, झाँक्रीप्रति नागरिकहरूमा अझैसम्म रहेको विश्वास र अभ्यासले गर्दा आधुनिक चिकित्सापद्धति प्रति विश्वास जगाउनुपर्ने चुनौती छ ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधी उपकरण पुऱ्याउन र सेवाको पहुँच कम भएका क्षेत्रमा बसोवास गर्ने नागरिकलाई समुचित मूल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नुपर्ने चुनौती छ ।
- दुर्गम क्षेत्रमा नागरिकलाई सुलभ मूल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नुपर्ने चुनौती छ ।
- भौगोलिक विकटता, शिक्षा र चेतनाको न्यूनस्तर, सडक, विजुली, टेलिफोन, शुद्ध खानेपानीको अपर्याप्तताजस्ता बाधाअड्चनहरूले आधारभूत स्वास्थ्य सेवाको समुचित व्यवस्था गर्न चुनौतीपूर्ण अवस्था सिर्जना भएको छ ।
- नवजात शिशु, वाल तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि वेला हुन सक्ने स्वास्थ्यसम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, ज्येष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खासगरी गरिव, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँचयोग्य वनाउने चुनौती विद्यमान छ ।

### ३.३. अवसर:

- संविधानले सङ्घीय शासनप्रणालीमा आधारभूत स्वास्थ्य तथा सरसफाइ लगायत स्वास्थ्यसम्वन्धी विभिन्न अधिकार स्थानीय तहमा राखेको तथा आफ्नो अधिकार क्षेत्रका विषयमा नीति, कानुन, योजना तर्जुमा र कार्यान्वयको समेत अधिकार रहेको सन्दर्भमा स्थानीय अवस्था, आवश्यकता र चुनौतीलाई समेधन गर्ने गरी स्वास्थ्य सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन गर्ने अवसर छ ।
- गाउँपालिकाभित्रका सामाजिक, सांस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्ने ।
- गाउँपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा वृद्धि, एकीकृत सूचना प्रणालीलाई सुदृढीकरण गर्ने ।

## ४. निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु:

### ४.१. निर्देशक सिद्धान्त:

गाँउपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मुल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरीएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा ठाटीकाँध गाँउपालिकाको स्वास्थ्य नीति २०७८ को कार्यान्वयन गरिनेछ ।

ठाटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

छत्र बहादुर शाही
अध्यक्ष

Scanned with CamScanner

- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण, प्रवर्द्धन
- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

**४.२. भावी सोच:**
ठाटीकाँध गाँउपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

**४.३. ध्येय:**
उपलब्ध साधन र स्रोतको अधिकतम प्रयोग गरी सङ्घ, प्रदेश सरकार, स्वास्थ्य सेवाप्रदायक, सेवाग्राही र सरोकारवालाहरू वीच समन्वय र रणनीतिक सहकार्यलाई सुदृढ एवं सुव्यवस्थित गर्दै नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

**४.४. लक्ष्य:**
समतामूलक, न्यायसङ्गत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीका माध्यमबाट गाउँपालिकाका सबै नागरिकलाई गुणस्तरीय, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी उपभोगमा वृद्धि गर्ने ।

**४.५. उद्देश्यहरू:**

(क) गाउँ/नगरपालिकाका नागरिकलाई संविधानप्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सिर्जना गर्ने,

(ख) सङ्घीय संरचना अनुरूप गाउँपालिका मातहतका सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

(ग) स्वस्थ जीवनशैली, सरसफाइ, व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत गाउँवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने,

(घ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, व्यवस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,

(ङ) स्वास्थ्य सेवा प्रवाहमा सरकारी, गैरसरकारी तथा निजी ,क्षेत्रसँग बहुपक्षीय साझेदारी तथा सहकार्य एवम् सामुदायिक सहभागिता प्रवर्द्धन गर्ने ।

**५. नीतिहरु:**

ठाटीकाँध गाँउपालिकाको को विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै गाँउपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाँउकार्यपालिकाले देहायका नीति अवलम्वन गरिएको छ ।

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख कर्णाली प्रदेश, नेपाल

धीर बहादुर शाही अध्यक्ष

Scanned with CamScanner

५.१ गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ ।

५.२ गाउँपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्यूनतम पूर्वाधारसहितको निदानात्मक सेवाको व्यवस्था तथा विस्तार गरिनेछ ।

५.३ सामाजिक, सांस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरूलाई स्वास्थ्य सेवा प्रणालीमा मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ ।

५.४ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिकाभित्र एक अस्पताल तथा जनसङ्ख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था र केन्द्रहरूको व्यवस्था गरिनेछ ।

५.५ जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतीकारात्मक, उपचारात्मक तथा पुनःस्थापनात्मक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

५.६ स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

५.७ आयुर्वेदलगायतका अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन र व्यवस्थित गरिनेछ ।

५.८ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

५.९ स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्द्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।

५.१० स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै सीमान्तकृत र वञ्चितिमा परेका नागरिकको स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।

५.११ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

५.१२ कीटजन्य, सङ्क्रामक लगायतका रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र महामारी नियन्त्रण तथा विपद् व्यवस्थापनका लागि साझेदारहरूसँगको समन्वयमा योजना बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५.१३ स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी वृद्धि गर्दै संघ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।

५.१४ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवम् परिणाममुखी बनाउँदै लगिनेछ ।

५.१५ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रवर्द्धन गर्दै गाउँपालिकावासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ ।

५.१६ फोहरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रवर्द्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्दै लगिनेछ ।

५.१७ जनसांख्यिक स्थिति र वितरणका आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

Scanned with CamScanner

## ६. नीति अन्तर्गतका रणनीतिहरू:

**नीति ६.१ गाउँपालिकाका सबै नागरिकलाई नि:शुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाप्रवाहको सुनिश्चित गरिनेछ ।**

६.१.१ सम्पूर्ण स्वास्थ्य संस्थाहरूवाट नि:शुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरू प्रभावकारी रूपमा उपलब्ध गराइने छ ।

६.१.२ दुर्गममा छरिएका र जोखिममा रहेका बस्ती पहिचान तथा नक्साङ्कन गरी भूगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरू स्थापना तथा विस्तार गरिनेछ ।

६.१.३ गाउँपालिका र स्वास्थ्य संस्थाको सहकार्यमा नि:शुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य वीमा एवम् सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरूलाई सामञ्जस्यपूर्ण ढङ्गले सञ्चालन गर्न कार्ययोजना बनाई लागू गरिनेछ ।

६.१.४ संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्डअनुसारको एम्वुलेन्स सेवासहित प्रेषण प्रणाली सुदृढ गरिनेछ ।

६.१.५. संघ, प्रदेशद्वारा सञ्चालित सरकारी स्वास्थ्य संस्था तथा निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको साझेदारी र सहकार्यमा दुर्गम क्षेत्रमा आधारभूतलगायतका स्वास्थ्य सेवा पुऱ्याउने व्यवस्था गरिनेछ ।

**नीति ६.२ गाउँपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्यूनतम पूर्वाधारसहितको निदानात्मक सेवाको व्यवस्था तथा विस्तार गरिनेछ ।**

६.२.१ संघीय र कर्णाली प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गरिनेछ ।

६.२.२ गाउँपालिका भित्रका साविकका स्वास्थ्य संस्थाहरू स्तरोन्नति गर्न विशेषज्ञ सेवा विस्तार गरी निदान तथा उपचार पद्धति सुदृढ गरिनेछ ।

६.२.३ नाक, कान, घाँटी, दन्त, मानसिक र नेत्रचिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाइनेछ ।

६.२.४ गाउँपालिकाका दुर्गम ग्रामीण भेगमा समयसमयमा विशेषज्ञ स्वास्थ्य शिविरहरू नियमित रूपमा सञ्चालन गरिनेछ ।

**नीति ६.३ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरूलाई स्वास्थ्य सेवा प्रणालीमा मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ ।**

६.३.१ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई स्वास्थ्य प्रवर्द्धन, सर्ने तथा नसर्ने रोगका बारेमा अभिमुखीकरण गर्दै लगिनेछ ।

६.३.२ सामाजिक, सांस्कृतिक तथा धार्मिक नेतृत्वलाई उनीहरूले गर्दै आएका सकारात्मक परम्परागत पद्धतिका साथै स्वास्थ्य संस्थामा प्रेषण गर्ने क्रियाकलापलाई प्रोत्साहन गरिनेछ ।

६.३.३ धाँमी, झाँक्री, लामा, गुरु, पुजारी, मौलानालगायतका सेवाप्रदायकलाई जनस्वास्थ्य अभियानहरूमा सहभागी गराइनेछ ।

छायाँनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

अध्यक्ष

Scanned with CamScanner

**नीति ६.४ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँ/नगरपालिकाभित्र एक अस्पताल तथा जनसङ्ख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था र केन्द्रहरूको व्यवस्था गरिनेछ।**

६.४.१ नेपाल सरकार र कर्णाली प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकामा कम्तीमा एउटा १५ शैयाको अस्पताल स्थापना गरिनेछ।

६.४.२ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य इकाइ, सहरी स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरूमा सेवाको विस्तार गर्ने व्यवस्था मिलाइनेछ।

६.४.३ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, इन्टरनेट सेवा उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्डअनुसार क्रमागत रूपमा व्यवस्था गरिनेछ।

६.४.४ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्द्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, उत्कृष्ट अभियान सुरु गरी क्रमबद्ध रूपमा विस्तार गरिनेछ।

६.४.५ आपूर्ति व्यवस्थापन प्रणाली विकास गरी औषधी, खोप तथा अन्य स्वास्थ्य सामग्रीहरूको प्रभावकारी सप्लाई चेन व्यवस्थापन गरिनेछ। औषधीको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मूल्य तोक्नुका साथै नियमित अनुगमन र नियमनको व्यवस्था गरिनेछ।

६.४.६ गाउँपालिकाभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा खानेपानी, बिजुली (वैकल्पिक व्यवस्था सहित), मापदण्डअनुसार फोहोरमैला विसर्जन गर्ने व्यवस्था गरिनछ।

**नीति ६.५ स्वास्थ्यको संरक्षण र प्रवर्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतीकारात्मक, उपचारात्मक, तथा पुनःस्थापनात्मक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ।**

६.५.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष्यअनुसार गाउँपालिकाका हरेक वडाहरूमा हाल सञ्चालित सुरक्षित मातृत्व, वालस्वास्थ्य, पोषणसँग सम्वन्धित कार्यक्रमलाई वडा तथा स्वास्थ्य संस्थासँग समन्वय गरी प्रभावकारी रूपले सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

६.५.२ विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (विद्यालय पोषण-दिवाखाजा, जुकाको औषधी वितरण, स्वास्थ्य परीक्षण, किशोरकिशोरी सेवा) सञ्चालन गरिनेछ र यी कार्यक्रमलाई प्रभावकारी वनाउनका लागि विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ।

६.५.३ मातृ मृत्युदर, नवजात शिशु मृत्युदर र बालमृत्युदरजस्ता महत्त्वपूर्ण सूचकाङ्कहरूमा आधारित लक्ष्यहरू तय गरी आवधिक कार्ययोजना तयार गरी लागू गरिनेछ।

६.५.४ सामुदायिक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरूबाट प्रवाह हुने सेवालाई वृद्धि गरी सरसफाइ प्रवर्द्धन, स्वस्थ व्यवहार प्रवर्धन, तथा स्वास्थ्य प्रदर्शनीका रूपमा विस्तार गरिनेछ।

६.५.५ वर्थिङ सेन्टर तथा प्रसूति केन्द्रहरूलाई रणनीतिक स्थानमा सञ्चालनका लागि मानवस्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ। प्रसूति केन्द्रहरूमा आमाघर तथा स्तरअनुसार नवजात शिशु कर्नरको सुविधा उपलब्ध गराइनेछ।

६.५.६ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ।

छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख कर्णाली प्रदेश



अध्यक्ष

६.५.७ सुर्तीजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानि गर्ने वस्तुहरूको उत्पादन तथा किनबेचलाई निरुत्साहित गरी यसको प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, बिक्रीवितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने कानुन वनाई कार्यान्वयन गरिनेछ ।

६.५.८ बढ्दो नैराश्य तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर सञ्चालन गरिनेछ ।

६.५.९ Package of Essential non communicable Disease (PEN) कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गरिनेछ । उच्च रक्तचाप, मधुमेह, मिर्गौला रोग, मुटुरोग अर्वुद रोग, दम, मोटोपनाजस्ता नसर्ने रोगहरूको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकीकृत अभियान सञ्चालन गरिनेछ

६.५.१० स्वस्थ जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षणजस्ता स्वास्थ्यप्रवर्द्धनका क्रियाकलापहरू स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी सञ्चालन गरिनेछ ।

६.५.११ गाउँपालिकाका वडाहरूसँग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरी सामुदायिक नर्समार्फत टोलवस्तीमा स्वास्थ्य सेवाप्रवाह गरिनेछ ।

६.५.१२ मौसमी वसाइसराइ, श्रम बसाइसराइ यार्सा एवम् जडीबुटी सङ्कलन समयका लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरूमार्फत प्रदान गरिनेछ ।

**नीति ६.६ स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।**

६.६.१ विशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि सङ्घीय, प्रदेश सरकार एवम् शिक्षालयसँग समन्वय र सहकार्य गरिनेछ ।

६.६.२ जवाफदेहीपूर्ण एवम् प्रभावकारी स्वास्थ्य सेवाप्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा गाउँपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवम् स्वास्थ्यकर्मीलाई टिकाउनका लागि प्रोत्साहित गरिनेछ ।

६.६.३ गाउँपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको स्तरअनुसारको समुचित व्यवस्थापन गरिनेछ ।

६.६.४ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिका लागि सेवाकालीन तालिम, पेसागत वृत्तिविकास तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।

६.६.५ आवश्यकता अनुसार स्वास्थ्यकर्मीको प्राविधिक तथा व्यवस्थापकीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति ६.७ आयुर्वेदलगायतका अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन र व्यवस्थित गरिनेछ ।**

६.७.१ जडीवुटी, आयुर्वेदिक औषधी तथा स्वास्थ्यसम्वन्धी विभिन्न स्थानीय परम्परागत ज्ञान-सीप-प्रविधिका वारेमा अध्ययन गरी वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

६.७.२ आवश्यकता र औचित्यका आधारमा विभिन्न स्थानमा जडीवुटीको व्यावसायिक खेती, सङ्कलन एवम् भण्डारणमा निजी क्षेत्रलाई सहभागी गराइनेछ ।



Scanned with CamScanner

६.७.३ आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्थापना गरिनेछ ।

६.७.४ गाउँपालिकामा आयुर्वेद वैकल्पिक चिकित्सा पद्धतिको विधिलाई क्रमश: एकद्वार प्रणालीमार्फत सेवाप्रवाह गरिनेछ ।

**नीति ६.८ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री वनाउँदै लगिनेछ ।**

६.८.१ हटलाइन, टेलिमेडिसिन, सेलिमेडिसिन लगायतका सेवाहरू सञ्चालन गरी सेवालाई थप प्रभावकारी वनाइनेछ ।

६.८.२ दुर्गम क्षेत्रमा सुलभ फार्मेसी सेवा विस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरूमा फार्मेसी थप व्यवस्थित गरिनेछ ।

६.८.३ गाउँपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड लागू गरी सोहीअनुसारको स्वास्थ्य सेवाप्रवाहको सुनिश्चित गरिनेछ ।

६.८.४ गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरूमा इन्टरनेटको पहुँच विस्तार गरी स्वास्थ्य संस्थाहरूबाट नै Online reporting लाई विस्तार तथा नियमित गरिनेछ ।

६.८.५ गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरूमा विद्युतीय अभिलेख तथा प्रतिवेदन गर्ने प्रणालीको विकास गर्दै लगिनेछ ।

**नीति ६.९. स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्द्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।**

६.९.१ गाउँपालिकाभित्र स्वास्थ्यसम्वन्धी सूचना प्रणलीलाई व्यवस्थित गर्दै लगिनेछ ।

६.९.२ गाउँपालिकाको एकीकृत स्वास्थ्य सूचना प्रणालीमा सूचनाको शुद्धता, समयवद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय वनाइनेछ ।

६.९.३ स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवम् संस्थालाई पुरस्कृत गरिनेछ ।

६.९.४ गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानवाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिवद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

६.९.५ स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ

**नीति ६.१० स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी वनाउँदै सीमान्तकृत र वञ्चितिमा परेका नागरिकको स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।**

६.१०.१ स्वास्थ्य बीमाको दायरा वढाई गाउँपालिकाका सबै नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गराइनेछ ।

६.१०.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।



Scanned with CamScanner

६.१०.३ अति गरिब, विपन्न तथा लोपोन्मुख समुदायहरूलाई तोकिएको मापदण्डअनुसार निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

**नीति ६.११ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।**

६.११.१ निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवाप्रदायक संस्थाहरूका लागि कानुन, मापदण्ड, निर्देशिका बनाई सोहीअनुसार दता गर्ने, सञ्चालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

६.११.२ गाउँपालिकामा एकजना जनस्वास्थ्य निरीक्षकको व्यवस्था गरी स्वास्थ्य प्रवर्द्धन, अनुगमन तथा क्षमता अभिवृद्धि गर्ने कार्यमा परिचालन गरिनेछ ।

६.११.३ गाउँपालिकाभरिमा सम्पूर्ण स्वास्थ्य संस्थाहरूको नियमन, नियमित अनुगमन, मूल्याङ्कन गर्न निर्देशिका बनाई सोहीअनुसार लागू गरिनेछ ।

६.११.४ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रभावकारी बनाइनुका साथै सहकार्य तथा साझेदारी गर्न प्रोत्साहन गरिनेछ ।

**नीति ६.१२ कीटजन्य, संक्रामकलगायतका रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र महामारी नियन्त्रण तथा विपद् व्यवस्थापनका लागि साझेदारहरूसँगको समन्वयमा योजना बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।**

६.१२.१ गाउँपालिका विपद् व्यवस्थापन पूर्वतयारी योजना बनाई कार्यान्वयन गरिनेछ ।

६.१२.२ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटनाजस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ र गाउँ/नगरपालिकाभित्रका रणनीतिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्री जगेडाका रूपमा राखिनेछ ।

६.१२.३ गाउँपालिका तथा वडास्तरीय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्धार टोलीसँग समन्वय गर्दै आवश्यकताअनुसार परिचालन गरिनेछ ।

६.१२.५ दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्थामा परी सङ्कटमा रहेका (सुत्केरी व्यथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

६.१२.६ संक्रामक रोगहरूको रोकथाम, नियन्त्रण र निवारण गर्नेसम्बन्धी कार्यक्रम कार्यान्वयनको अनुगमन गरी सोको प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

६.१२.७ समयमै रोगको पहिचान गर्न नियमित तथा विशेष शिविरहरू मार्फत स्वास्थ्य संस्थाहरूमा स्क्रिनिङ सेवाहरू सञ्चालन गरिनेछ ।

६.१२.८ खोपबाट गर्न सकिने रोगहरूको रोकथाम नियन्त्रण तथा निवारणका लागि निगरानी कार्य गरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ र यसलाई निरन्तरता दिइनेछ ।

छत्रेदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल



हरि बहादुर शाही
अध्यक्ष

**नीति ६.१३ स्वास्थ्य क्षेत्रमा गाउँ/नगरपालिकाको लगानी वृद्धि गर्दै सङ्घ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ।**

६.१३.१ महिनावारी भएका वेला छात्राहरूको विद्यालय उपस्थितिलाई निरन्तरता दिन निःशुल्क सेनटिरी प्याड वितरणको व्यवस्था गरिनेछ।

६.१३.२ अपाङ्गहरूका लागि आवश्यकताअनुसारको सहयोगी उपचार व्यवस्था तथा सहयोगी सामग्रीको व्यवस्था मिलाइनेछ।

६.१३.३. प्रेषण प्रणालीलाई व्यवस्थित बनाई दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरूको सहजीकरण र व्यवस्थापन गरिनेछ।

६.१३.४ लैङ्गिक हिंसामा परेका, बेवारिसे ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका वालवालिका, मानसिक समस्या भई सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवमं हेरचाहमा लागि निजी-सरकारी सहकार्यमा गाउँपालिका पुनःस्थापना केन्द्र स्थापना एवम् सञ्चालन गरिनेछ।

६.१३.५ संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवासहित प्रेषण प्रणाली सुदृढ गरिनेछ।

६.१३.६ गाउँपालिकाको कुल बजेटको कम्तीमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरी सो वजेटमा क्रमशः वृद्धि गरिनेछ।

६.१३.५ अतिगरिव, असहाय, द्वन्द्वपीडित, राउटे तथा अन्य लोपोन्मुख जातिलाई गाउँपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिनेछ।

**नीति ६.१४. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवम् परिणाममुखी बनाउँदै लगिनेछ।**

६.१४.१ स्वास्थ्य सेवाप्रदायक व्यक्ति र संस्थाहरूको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई गाउँपालिकाभरि प्रभावकारी रूपमा लागू गरिनेछ।

६.१४.२ स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहीन कार्यलाई निरुत्साहित गरिनेछ। स्वास्थ्यकर्मीलाई आफ्नो काम, कर्तव्यप्रति जवाफदेही बनाइनेछ।

६.१४.३ स्वास्थ्य सुशासन कायम गर्नका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ नागरिक वडापत्रको व्यवस्था गरिनुका साथै सेवाप्रवाहमा सेवाग्राहीहरूको गुनासो तथा पृष्ठपोषण सङ्कलन गरी सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ।

६.१४.४ स्वास्थ्यसँग सम्वन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था तथा दातृनिकायहरूलाई जनतामुखी र परिणाममुखी कार्य गर्नका लागि उत्प्रेरित गरिनेछ।

६.१४.६ गाउँपालिकाभित्रका नागरिकलाई स्वास्थ्यसम्वन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्वन्धी जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा सञ्चार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

६.१४.७ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरी सशक्त एवम् जिम्मेवार बनाई सेवा सुदृढ गरिनेछ।

छत्रेदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल



धीर बहादुर शाही
अध्यक्ष

Scanned with CamScanner

**नीति ६.१५ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रवर्धन गर्दै गाउँपालिकावासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ।**

६.१५.१ खाद्य विविधीकरणमा जोड दिँदै स्थानीय तहसँग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खानालाई निरुत्साहित गर्नेसम्वन्धी कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ ।

६.१५.२ अर्गानिक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरितगृह तथा प्रत्येक परिवारमा सुधारिएको करेसावारी निर्माण गर्न र खानामा विविधीकरण गरी उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

६.१५.३ पोषणयुक्त बालपौष्टिक आहार, दिवाखाजालगायतका अन्य खाद्यपदार्थ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाइनेछ।

६.१५.४ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्त्वयुक्त खाद्यपदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ। यस्ता खाद्यपदार्थ प्रशोधन तथा वजारीकरणका लागि साना किसान र व्यवसायी अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

६.१५.५ वहुक्षेत्रीय पोषण कार्यक्रम, एकीकृत शीघ्र कुपोषण व्यवस्थापन कार्यक्रमलगायत पोषणसम्वन्धी कार्यक्रम विस्तार, परिष्कृत एवम् प्रभावकारी बनाइनेछ। स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमा पोषण पुनःस्थापना केन्द्रहरू स्थापना गरिनेछ।

६.१५.६ स्थानीय बजारमा खाद्यपदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ। स्वस्थ मासु तथा दूध उत्पादन बिक्रीवितरणका लागि नियमन गरिनेछ। कुनै पनि तयारी खानेकुराहरूमा अनिवार्य लेवलिङको व्यवस्था गरिनेछ।

६.१५.७ फोहोरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रवर्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्दै लगिनेछ।

**नीति ६.१६ जनसाङ्ख्यिक स्थिति र वितरणका आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गरिनेछ।**

६.१६.१ गाउँपालिकाभित्र समुदाय, स्वास्थ्य संस्था तथा सवै विद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।

६.१६.२ समुदायमा वितरण गरिएको खानेपानी तथा व्यावसायिक रूपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिनेछ।

६.१६.३ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिनेछ।

६.१६.४ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी दुर्गम वस्तीहरूमा घरभित्र हुने धुवाँ नियन्त्रण गर्न सफा चुलो अभियान सञ्चालन गरिनेछ।

६.१६.५ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी खुला दिसामुक्त गाउँपालिकावाट पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाइनेछ र सोको दिगोपनको रणनीति तयार गरी कार्यान्वयन गरिनेछ।

६.१६.६ गाउँपालिकाभित्र खानेपानी, हावा, ध्वनिको गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ।

ठटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल



धीर बहादुर शाही
अध्यक्ष

Scanned with CamScanner

६.१६.७ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानिबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरूसँग समन्वय गरी स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ

६.१६.८ स्वास्थ्य संस्थाजन्य फोहोरको व्यवस्थापन तथा विसर्जनसम्बन्धी मापदण्ड बनाई गाउँपालिका स्तरमा प्रभावकारी रूपमा लागू गरिनेछ ।

**६.१७ जनसांख्यिक स्थिति र वितरणका आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।**

## ७. संस्थागत व्यवस्था

७.१ नीति कार्यान्वयनका लागि नेपालको संविधान र संघीय संरचना अनुरूप यस नीतिले परिकल्पना गरे अनुसार गाउँपालिकाको स्वास्थ्य संरचनालाई नेपाल सरकार र प्रदेश सरकारसँगको समेत समन्वयमा विकास र विस्तार गरिनेछ । गाउँपालिका स्वास्थ्य प्रणालीको विकास गरिनेछ ।

७.२ गाउँपालिकाको नेतृत्वमा पालिका स्तरमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरू रहनेछन् भने स्वास्थ्य सेवाप्रदायकका रूपमा विभिन्न स्वास्थ्य संस्थाहरू हुनेछन् । त्यसैगरी आधारभूतलगायत अन्य स्वास्थ्य सेवाप्रवाहका लागि गाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ भने प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू रहनेछन् । स्वास्थ्य संस्था स्थापना तथा सेवाविस्तारका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवम् सहकार्य गरिनेछ ।

७.३ नीतिले परिकल्पना गरेअनुसार स्वास्थ्य सम्बन्धी आवश्यक ऐन, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि लगायतका कानुनी दस्तावेज तर्जुमा गरी लागू गरिनेछ ।

७.४ नीतिको विस्तृत कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

७.५ मानव संसाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोकसेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वस्थ जनशक्ति उत्पादन गर्ने निकायहरूसँग समन्वय गरी संस्थागत क्षमता सुदृढ गरिनेछ ।

## ८. वित्तीय व्यवस्थापन

नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट विनियोजित बजेट, निजी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त सहयोग तथा साझेदार संस्थावाट प्राप्त सहयोग यस नीति कार्यान्वयनका प्रमुख वित्तीय स्रोत रहनेछन् । यस नीतिमा रहेका उद्देश्यहरू हासिल गर्न गाउँपालिकाका सबै शाखाहरूको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडि ल्याइनेछ । नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रममार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरू सम्बोधन गराउन पहल गरिनेछ । यस नीतिको प्राथमिकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, संयुक्त राष्ट्र संघीय निकायहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## ९. अनुगमन र मूल्याङ्कन

यस नीति कार्यान्वयनका क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्याङ्कन गर्ने दायित्व कार्यपालिकाको हुनेछ । यसका लागि सामाजिक विकास समिति र शाखाको संयन्त्र र क्षमता



ठाटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल
अध्यक्ष

Scanned with CamScanner

विकास गरिनेछ । वडा समितिहरू एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामूलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ ।

राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको नतिजामा आधारित अनुगमन मूल्याङ्कन ढाँचा तथा नेपाल सरकारले कार्यान्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणालीसमेतलाई मध्यनजर गरी गाउँ वा नगरपालिकाले अनुगमन मूल्याङ्कन प्रणालीको विकास गर्नेछ । उपयुक्त संयन्त्र निर्माण गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नियमित, प्रभावकारी र सहज बनाइनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## १०. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि स्वास्थ्य रणनीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयनमा लगिनेछ । स्वास्थ्यसँग सम्वन्धित आवश्यक कानुन तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनको कार्ययोजना बनाइने छ । यही कार्ययोजना अनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वियन गरिनेछ । वार्षिक रूपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## ११. जोखिम

मौलिक अधिकारका रूपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवम् सक्षम स्वास्थ्य प्रणालीमार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने समन्वय, स्रोत र साधन व्यवस्थापन हुन नसकेमा कार्यान्वयनमा कठिनाइ भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरू प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना रहेको छ ।

छत्रेदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

२०७८/१२/२८

धीर बहादुर शाही
अध्यक्ष



Scanned with CamScanner